# कांग्रेस उपसभापति गच्छदारलाई पत्नीशोक

**हिमालय टाइम्स**

**काठमाडौं, १ जेठ**

नेपाली कांग्रेसका उपसभापति विजयकुमार गच्छदारलाई पत्नीशोक परेको छ । उहाँकी धर्मपत्नी निर्मला गच्छदारको थापाथलीस्थित नर्भिक अस्पतालमा उपचारका क्रममा शनिबार निधन भएको हो ।

उहाँ दुई हप्तादेखि अस्पतालमा उपचारत हुनुहुन्थ्यो । मिर्गौला र कलेजोको समस्यापछि उहाँलाई ६ महिनाअघि भारतमा उपचार गरी ल्याइएको थियो । उहाँलाई दुई दिनअघि मात्र कोरोना संक्रमण पुष्टि भएको उपसभापति गच्छदारका स्वकीय सचिव कन्हैया ठाकुरले बताउनुभयो ।

कांग्रेस सभापति शेरबहादुर देउवाले निर्मला गच्छदारको निधनको खबरले आफू मर्माहित भएको जनाउँदै उहाँको आत्माको चीरशान्तिको कामनाका साथ शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्नुभएको छ । 'नेपाली कांग्रेसका उपसभापति एवं



मेरा मित्र विजयकुमार गच्छदारकी धर्मपत्नी निर्मला गच्छदारको निधनको खबरले दु:खित र मर्माहत भएको छु । नेपालको लोकतान्त्रिक आन्दोलनहरूमा स्वर्गीय गच्छदारले पुर्‍याउनुभएको सक्रिय योगदानको स्मरण गर्दै उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, उहाँको आत्माको चिर शान्तिको कामना गर्दै विजयजीलगायत शोकाकुल परिवारजनमा पार्टी र आफ्नो व्यक्तिगततर्फबाट गहिरो समवेदना प्रकट गर्दछु', देउवाले भन्नुभएको छ ।

# नि:शुल्क सुविधा सम्पन्न ल्याब सञ्चालनमा

**सञ्जीव कुमार मिश्रा/हिटा**

**बारा, १ जेठ**

बाराको महागढीमाई नगरपालिका-२ बरियारपुर स्वास्थ्य चौकीमा सुविधासम्पन्न ल्याब सञ्चालनमा आएको छ । महागढीमाई नगरपालिकाका नगरप्रमुख उपेन्द्र प्रसाद यादवले शनिबार एक कार्यक्रमका बीच महागढीमाई-२ मा नि:शुल्क सुविधा सम्पन्न ल्याबको उदघाटन गर्नुभयो । नगरप्रमुख यादवले ल्याबको उद्‌घाटन गर्दै नगरपालिकामा ल्याब सञ्चालन भएपछि नगरभरिका सर्वसाधारणले कुनै किसिमको चेकजाँच गराउन अब बाहिर जानु नपर्ने बताउनुभयो । नगरपालिका बाहिर गएर थुप्रै रकम खर्च गर्दा पनि पालो कुर्नुपर्ने र चेकजाँच पनि सही तरिकाले नहुने गरेको अवस्थामा सर्वसाधारणहरूको पीरमर्कालाई बुझी सुविधासम्पन्न ल्याबको स्थापना गरिएको जानकारी दिनुभयो ।

उद्‌घाटन गरिएको ल्याबमा टाइफाइड ज्वरो, रुघाखोकी, रगत, पिसाबलगायतका टेष्टहरू नि:शुल्क चेकजाँच हुने उहाँले बताउनुभयो । नि:शुल्क चेकजाँच मात्र होइन औषधी पनि नि:शुल्क उपलब्ध गराईने व्यवस्था गरिएको उहाँले बताउनुभयो । नगरपालिका भित्र रहेका १३ वटा स्वास्थ्य चौकीमध्ये कुनै पनि स्वास्थ्यचौकीमा गएर सर्वसाधारणले नि:शुल्क टेष्ट गराउन पाउने र औषधीसमेत नि:शुल्क उपलब्ध गराईने व्यवस्था गरिएको उहाँले उद्‌घाटन कार्यक्रममा जानकारी दिनुभयो ।

# ११ देशका लागि राजदूत सिफारिस

**हिमालय टाइम्स**

**काठमाडौं, १ जेठ**




सरकारले ११ देशका लागि राजदूत सिफारिस गरेको छ । सरकारले अष्ट्रिया, इजिप्ट, श्रीलंका, दक्षिण कोरिया, अष्ट्रेलिया, रुस, बर्मा, बहराइन, ब्राजिल, डेनमार्क र साउदी अरेबियाका लागि ११ जना राजदूतको प्रस्ताव गर्दै सिफारिस गरेको हो । प्रस्तावित नाम संसदीय सुनुवाइका लागि संसद् सचिवालयमा पठाइएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

राजदूत सिफारिस गरिएकामा परराष्ट्र मन्त्रालयका सहसचिव निर्मलराज काफ्ले र जीवनप्रकाश श्रेष्ठ हुनुहुन्छ । काफ्लेलाई अष्ट्रिया र श्रेष्ठलाई इजिप्टका लागि सिफारिस गरिएको छ ।

यस्तै, श्रीलंकाका लागि साविक विराटनगर नगरपालिकाका पूर्वमेयर प्राध्यापक रमेशचन्द्र पौडेललाई सिफारिस गरिएको छ । त्यस्तै, राजनीति शास्त्री कृष्णचन्द्र शर्मालाई दक्षिण कोरिया र सुम्निमा तुलाधरलाई अष्ट्रेलियाका लागि प्रस्ताव गरिएको छ । तुलाधर बामपन्थी नेता पद्मरत्न तुलाधरकी छोरी हुनुहुन्छ ।

त्यसैगरी, काठमाडौं विश्वविद्यालयमा प्राध्यापनरत एवं रुसी भाषा अनुवादक जंगबहादुर (जंगब) चौहानलाई रुस, पूर्वमन्त्री युवराज कार्कीलाई बहराइन, नारायणप्रसाद संग्रौलालाई बर्मा, पूर्वसांसद कुलप्रसाद नेपाललाई ब्राजिल, सुमीत्रा सुवेदीलाई डेनमार्क तथा मेराज मुसलमानलाई साउदी अरेबियाको राजदूत बनाउन परराष्ट्रले सिफारिस गरेको छ । परराष्ट्रले गरेको सिफारिस संसदीय समितिमा सुनुवाइपछि पारित हुनुपर्ने व्यवस्था छ । राजदूत तथा स्थायी नियोगका प्रतिनिधि नियुक्तिसम्बन्धी निर्देशिका-२०७५ अनुसार ५० प्रतिशत परराष्ट्र सेवा र बाँकी राजनीतिक कोटामा नियुक्ति गर्ने व्यवस्था मिलाइए पनि यो पटक परराष्ट्र सेवाबाट दुई जना मात्रै सिफारिस भएका छन् ।

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Federal Road Supervision and Monitoring Office Kathmandu

**Road Division Charikot**

**Invitation for Bids**

**Notice No.: 10/077/78**

**First Publication Date: 2078/02/02 (2021-05-16)**

Road Division Charikot invites bids from registered eligible contractors for road and bridge construction works in Sindhupalchowk district.

For detail eligible bidders may visit **www.bolpatra.gov.np/egp/** or **Road Division Charikot notice board**.

**Division Chief**

## ठाकुर-यादव ...

« पृष्ठ १ बाट क्रमशः

यस्तै, भक्तपुरको रिसोर्टमा लगेर पार्टीका सांसदलाई थुनेर राख्नु, कुनै अर्को पार्टीका सांसदको उपस्थितिमा पार्टीका निर्णयहरू गराउनु पार्टीको अनुशासनविपरीत कार्य भएको पनि यादव पक्षको बैठकले निष्कर्ष निकालेको सांसद रामबाबु यादवले हिमालय टाइम्सलाई बताउनुभयो ।

यस्तै, बैठकले केन्द्रीय समितिको बैठक बोलाउने निर्णय पनि गरेको छ । भौतिक उपस्थितिमा सम्भव नभए भर्चुअल माध्यमबाट भए पनि केन्द्रीय समितिको बैठक बस्ने र सो बैठकबाट निर्णयहरू गर्दै अगाडि बढ्ने निर्णय गरेको छ ।

## कारबाहीको ...

« पृष्ठ १ बाट क्रमशः

तलमाथि जो गर्छ, त्यसलाई कारबाही हुन्छ । कारबाही हुनेबित्तिकै बस्न इच्छा लाग्छ कारबाही स्वीकारेर बस्छ । बस्न इच्छा लागेन भने बाहिर जान्छ ।' यादवले पार्टी विधान नै निर्माण नगरी महतोलाई दलको नेता बनाउनु आपत्तिजनक भएको बताउनुभयो । उहाँले संसदीय दलको विधान नबनेको र विधान बनेपछि कार्यकारिणी समितिबाट अनुमोदन हुनुपर्ने भए पनि राजेन्द्र महतोलाई संसदीय दलको नेता विधानविपरीत बनाइएको बताउनुभएको हो ।

उहाँले भन्नुभयो, 'अहिले हाम्रो संसदीय दलको न विधान बनेको छ, र त्यो विधान बनेपछि पार्टीको कार्यकारिणी समितिबाट अनुमोदित हुनुपर्छ । संसदीय दलबाट पास भएर कार्यकारिणी समितिले अनुमोदन नगरेसम्म संसदीय दलको नेता बन्ने हुँदैन ।'

## ठाकुरले ...

« पृष्ठ १ बाट क्रमशः

बताउनुभयो । उहाँले भन्नुभयो, 'जनता समाजवादी पार्टी नेपालको केन्द्रीय कार्यकारिणी समितिको बैठक शनिबार दिनको १:०० बजेबाट पार्टी कार्यालयमा जारी रहेको भनि विभिन्न सञ्चारमाध्यम एवं सामाजिक सञ्जालबाट सूचना र समाचारहरू सम्प्रेषित भइरहेकोप्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ ।' उहाँले जारी गर्नुभएको विज्ञप्तीमा भनिएको छ, 'जनता समाजवादी पार्टी नेपालको केन्द्रीय कार्यकारिणी समितिको कुनै बैठक नडाकिएको र त्यस्तो जानकारीसमेत हामीलाई नभएको व्यहोरा सम्बन्धित सबैलाई स्पष्ट गरिन्छ ।'

यादव र डा. बाबुराम भट्टराईले एकलौटी बैठक आह्वान गरेपछि उहाँको यस्तो धारणा आएको हो ।

जसपाभित्र बाबुराम भट्टराई-उपेन्द्र यादव पक्ष र महन्थ ठाकुर-राजेन्द्र महतो पक्षबीच तीव्र मतान्तर भएको छ । दुवै पक्षले कार्यकारिणी तथा संसदीय दलको बैठक छुट्टाछुट्टै गर्न थालेका छन् ।

जसपाका शीर्ष नेताहरू लामो समयदेखि बैठकसमेत बस्न नसकेको अवस्थामा प्रधानमन्त्री ओली विश्वासको मत लिनुभन्दा एकदिन अगाडि बैठक बसेको थियो । बैठकले मतदानका लागि सांसदहरूलाई ह्वीप नलगाए पनि विभाजनको सम्भावित खतरा टार्न दुई वटा नै निर्णय भएका थिए । भलै सांसदहरूलाई स्वविवेकले मत लिन भनिएको थियो । तर, संसद्‌मा नेताहरूको अभिव्यक्ति र मत विभाजनले पार्टी नै दुई धारमा प्रष्ट देखिन्थ्यो ।

## शपथग्रहण ...

« पृष्ठ १ बाट क्रमशः

कुनै कनिष्ट सदस्यलाई हप्काएको जस्तो गरी, अत्यन्त हेयशैलीमा, राष्ट्रपतिको मर्यादाविपरीत असभ्यतापूर्वक प्रधानमन्त्रीले त्यो पर्दैन भनी इन्कार गरिरहनुभयो । त्यसबेला राष्ट्रपतिको हाँसो पनि मर्यादा सुहाँउदो भएन । राष्ट्रपति, प्रधानमन्त्री वा नेताहरूबाट वर्तमानलाई गरिने सम्बोधन, व्यवहार र शारीरिक भावभंगीमा भविष्यका लागि उदाहरण हुन् र ती भविष्यका पुस्ताका लागि हस्तान्तरित हुनेछन् । के हामीले त्यस शपथग्रहण समारोहको त्यो दृश्य भावी पुस्ताको धरोहरका रूपमा उदाहरण बनाउन र हस्तान्तरण गर्न सक्छौं ?

कुनै औपचारिक समारोहमा राष्ट्रपतिका सामु प्रधानमन्त्री के त्यसरी नै प्रस्तुत हुनुपर्ने हो ? अथवा राष्ट्रपतिजीले प्रधानमन्त्रीको त्यो असभ्य व्यवहारप्रति हलुका रूपमा हाँसेर पन्छाउनुपर्ने हो कि गम्भीर भएर प्रस्तुत हुनुपर्ने थियो ? समाजमा अनेकथरि मानिसहरू हुन्छन् र अफवाहका स्रोतहरू हुन्छन् ती । त्यस्ता अफवाहका स्रोतहरूलाई समेत मलजल हुने गरी राष्ट्रपति र प्रधानमन्त्रीले औपचारिक समारोहमा देखाउनुभएको व्यवहार कुनै पनि अर्थमा आलोचनायोग्य र निन्दनीय छ । प्रभावशाली सरकारी सञ्चारमाध्यम नेपाल टेलिभिजनले शपथग्रहण समारोहलाई प्रत्यक्ष प्रसारण गरिरहेको थियो त्यसबेला ।

त्यो दृश्यले नेपालको राजनीतिक संस्कृतिका पक्षधरहरूलाई आहत तुल्याएको छ । भाटगिरी गर्नेहरूको सोच फरक होला, उनीहरूको बाध्यता होला हरेक कुराको प्रतिरक्षा गर्नुपर्ने । तर, त्यस्तो प्रतिरक्षा स्वामिभक्त बाँदरको कथामा रूपान्तरित हुनुहुँदैन । अन्य राजनीतिक विषयभन्दा पनि यो टिप्पणीकारको आशय र सुझाव हो : वर्तमान लोकतान्त्रिक प्रणालीका पछि अनेक सपूतहरूको रगत पोखिएको छ, शरीर पुरिएको छ, अनेकका घरवास उडेका छन् । यो प्रणालीको जगेर्ना गर्न सकिएन भने तिनको रगतले, बलिदानले सराप्ने छन् । असल लोकतान्त्रिक संस्कृति बसाउन सकिएन भने प्रणाली पूर्ण असफल हुनेछ । प्रणाली सफल गराउन गुरुहरू पनि असल हुनुपर्छ । असल गुरुहरू भने नेतृत्वमा बस्नेहरू नै हुनुपर्छ । किनकि : बडाले जे गर्‍यो काम, हुन्छ त्यो सर्वसम्मत...।

## तीन महिनालाई ...

« पृष्ठ १ बाट क्रमशः

भारत सरकारसँग खरिद गरिएको अर्को १० लाख, कोभ्याक्स सुविधाअन्तर्गत तीन लाख ४८ हजार, नेपाली सेनालाई प्राप्त एक लाख गरी २४ लाख ४८ हजार डोज कोभिशिल्ड खोप प्राप्त भएको जानकारी दिनुभयो । त्यस्तै, चीनबाट आठ लाख डोज भेरोसेल खोप प्राप्त हुँदा जम्मा ३२ लाख ४८ डोज खोप प्राप्त भएको मन्त्रालयले जनाएको छ । त्यसमध्ये २५ लाख डोज खोप लगाइसकिएको र बाँकी रहेको खोप लगाउने क्रम जारी रहेको सह-प्रवक्ता डा. अधिकारीले बताउनुभयो । सात लाखको हाराहारीमा खोप मौज्दात रहेको भए पनि भेरोसेल खोप लगाउन सुरु गरिएको उहाँको भनाइ छ ।

भारतसँग २० लाख डोज खोप खरिद गरेको भए पनि १० लाख मात्रै आएको र १० लाख डोज आउन बाँकी रहेको अधिकारीले बताउनुभयो । यद्यपि भारतसँग छलफल भइरहेको र छिट्टै खोप आउने उहाँको दावी छ । रुसले उत्पादन गरेको 'स्पुतनिक-भी' खोपलगायतका अन्य खोपहरू ल्याउने सम्बन्धमा समन्वय भइरहेको उहाँको भनाइ छ ।

## संवादहीनता ...

« पृष्ठ १ बाट क्रमशः

देखाएको तर शुक्रबार बादल बैठकमा लिएर आउँदा खण्डित हुन पुगेको मिटिङको निचोड रहेको सहभागी एक केन्द्रीय सदस्यले हिमालय टाइम्सलाई बताउनुभयो । ओलीको कार्यशैली, प्रवृत्ति र मनोवृत्तिसँग साक्षात्कार हुँदै आएकाले यो त्यति अनौठो परिघटना नभएको मिटिङको निष्कर्ष रहेको थियो । 'हामीले यदि ओलीले साँच्चिकै एमाले विवाद मिलाउन खोजेका हुन् भने अबको तीन-चार दिनभित्र जे-जे सहमति गर्नुपर्ने गरेर एउटा टुंगोमा पुग्नुपर्छ भनेर नेतृत्वलाई सुझाव दिएका छौं', उहाँले भन्नुभयो, 'जेठ ६ को उपचुनावअगाडि नै फाइनल गर्नुपर्छ । हैन समय गुजार्ने, अल्मल्याउने र सहमतिलाई रणनीतिक रूपले उपयोग मात्रै गर्न खोजेको हो भने बेलैमा टुंगो लगाउनुपर्छ भनेर हामीले भनेका छौं ।'

खासगरी प्रधानमन्त्रीका परराष्ट्र मामिला सल्लाहकारलगायत संस्थापनपक्षीय नेताहरूले जेठ २ मा फर्कन सकिँदैन, बादलसहितको बैठक स्वीकार गरेपछि के को एकतापूर्वको कमिटी भन्दै प्रश्न गरेकाप्रति नेताहरूले आपत्ति जनाएका थिए ।

यसले सहमतिको वातावरण नबन्ने र ओली समूह जसरी हुन्छ पेलेर जाने रणनीतिमा रहेको निचोड निकालिएको बताइएको छ । पार्टीभित्रको आन्तरिक विवाद मिलाउनका लागि कार्यदल बनाएर अघि बढ्ने सहमति भएको छ । शुक्रबार बसेको दुवै पक्षको बैठकमा कार्यदल गठनको जिम्मेवारी अध्यक्ष केपी शर्मा ओली र वरिष्ठ नेता माधव नेपाललाई सुम्पिने निर्णय गरेको थियो । शुक्रबारको बैठकमा गृहमन्त्री रामबहादुर थापासमेत सहभागी भएकाले कार्यदलको विषय टुंगोमा पुगेको थिएन । दुवै पक्ष आन्तरिक छलफलमा रहेकाले शनिबार पनि कार्यदल गठनको विषय टुंगोमा पुगेन ।

## कोरोना ...

« पृष्ठ १ बाट क्रमशः

नियन्त्रणका उपाय गर्न तयार र उत्सुक छ, आगामी दिनमा पनि निरन्तर हुन्छ', उहाँले भन्नुभयो, 'सरकारका प्रयासमा स्वास्थ्य क्षेत्र, निजी व्यावसायिक क्षेत्र, गैरसरकारी संस्था, गैरआवासीय नेपाली सबैका आआफ्ना ठाउँबाट संगठित प्रयासको खाँचो छ ।'

उहाँले सरकारले तोकेको स्वास्थ्य मापदण्डको पालनामा सबैले ध्यान दिनुपर्ने बताउनुभयो । 'जनतालाई फेरि पनि सजग गराउन आवश्यक छ । कोरोनाका लागि कुनै पनि तोकिएको औषधि छैन तर पनि जनतामा यो खाएर निको हुन्छ कि भन्ने विश्वास छ, रेम्डिसिभिर नै कोरोनाको औषधि होइन, यसलाई जनतामा बुझाउनुपर्छ, प्रधानमन्त्री ओलीले भन्नुभयो । अक्सिजनको आपूर्ति तथा उपकरणको उपलब्धतामा सबैको जोड हुनुपर्ने बताउँदै उहाँले अक्सिजन, औषधिलगायत अत्यावश्यक सामग्रीको जोहो गर्न सरकार गम्भीर भएर लाग्ने दृढता व्यक्त गर्नुभयो । कोरोना नियन्त्रणका लागि सञ्चालनमा ल्याइएका हटलाइन नम्बरमा फोन नउठ्ने गुनासा बाहिर आएकाले समस्या समाधान तत्काल गर्न आवश्यक जनशक्तिको व्यवस्था गर्न उहाँले निर्देशन दिनुभयो ।

संक्रमित होम आइसोलेसनमा बस्दा समुदायमा संक्रमण फैलिएको हुन सक्नेतर्फ सरकार सचेत रहेको जनाउँदै उहाँले होम आइसोलेशनमा बसेका संक्रमितले स्वास्थ्य मापदण्ड पालना गर्नुपर्नेमा जोड दिनुभयो । कोरोना संक्रमण बढिरहेका बेला जनतालाई अत्यास लाग्ने अभिव्यक्ति कोही कसैले पनि दिन नहुनेमा जोड दिँदै उहाँले नागरिकको उपचार सरकारले गर्ने बताउनुभयो ।

**सुन्दरहरैचा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बिराटचौक मोरङ**
**१ नं. प्रदेश नेपाल**

**विद्युतिय बोलपत्र आह्वानको प्रकाशित सूचना**

**दोश्रो पटक प्रकाशित मिति – २०७८/०२/०२**

यस नगरकार्यपालिकाको कार्यालयका लागी आबस्यक तपशिल अनुसारका खरिद कार्य बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इच्छुक योग्य इजाजत प्राप्त फर्म/कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्बक बोलपत्र आह्वान गरिएको छ ।

१. बोलपत्र खरिद प्रकृया EGP को माध्यमबाट मात्र गरिएको Website: www.bolpatra.gov.np/egp बाट Bid – Document हरु Download गर्न सकिनेछ । E –submission का लागी बोलपत्र खरिद दस्तुर बापत राजश्व खातामा जम्मा गरेको र सम्बन्धित ठेक्का नं. र खरिद कार्यको नाम खुलेको राजश्व दाखिला भौचर Electronic Bid files साथै पेश गर्नु पर्नेछ ।
२. E–bidding मार्फत Document खरिद गर्नका लागी रकम जम्मा गर्ने बैकको बिबरण निम्न अनुसार रहेको छ । फ्याक्स ट्रान्सफर आदी मार्फत गरिने खरिद उपर कारबाही गरिने छैन ।
**बैक** – कृषि बिकास बैक, बिराटचौक **राजश्व खाता नं.** – ०६०१५०११४७६३०१४६
३. बोलपत्रदाताको फर्म दर्ताको प्रमाणपत्र, चालु आ.ब २०७७/०७८ का लागी नविकरण गरिएको ब्यबशाय इजाजतको (लाईसन्स) प्रमाणपत्र, स्थायी लेखा नम्बर/मुल्य अभिवृद्धि कर दर्ताको प्रमाण पत्र र आ.ब २०७६/०७७ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
४. बोलपत्र १६ औं दिन १२.०० बजे भित्रमा E –submission गर्न सकिनेछ । E –submitted बोलपत्र/बोलपत्रहरु सोही दिन दिनको १.०० बजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधीहरु र कार्यलयका प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५. बोलपत्रसाथ कृषि बिकास बैक बिराटचौक स्थित सुन्दरहरैचा नगरपालिकाको **धरौटी खाता नं.** ०६०१५०११४७६३००३० मा फर्म/कम्पनीको नामबाट तपशिलमा उल्लेखित बोलपत्र जमानत वापतको रकम जम्मा गरेको भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मिति देखी कम्तिमा १२० (एकसय बीस) दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त "क" बर्गका बाणिज्य बैंकहरुबाट यस कार्यालयका नाममा जारी गरीएको जमानी पत्र (बिड बण्ड) पेश गर्नु पर्नेछ । सो जमानी पत्र (बिड बण्ड) र भौचरमा मा सम्बन्धित ठेक्का नं. र खरिद कार्यको नाम उल्लेख भएको हुनु पर्नेछ । सम्झौता सम्पन्न भएपछी मात्र बोलपत्र जमानत बापतको रकम फिर्ता गरिनेछ ।
६. बोलपत्रको परिक्षण बोलपत्र कागजात अनुसार हुनेछ ।
७. बोलपत्रदाताहरुले आफ्नो बोलपत्र दाखिला/पेश गर्नु अगाबै बोलपत्रमा उल्लेखित बिवरण अनुसार परियोजनाको स्थलगत निरिक्षण गरि पेश गर्नु पर्नेछ ।
८. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य बिषयको हकमा स्थानिय सरकार संञ्चालन ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावलि २०६४ र प्रचलित ऐन नियम तथा नगरपालिकाको निर्णय अनुसार हुनेछ ।
९. बोलपत्र शर्तरहित मुल्यपत्र लगायत कार्यालयबाट उपलब्ध गराईएका फारममा कुनै थपघट वा द्रस्टब्य नलेखिएको हुनुपर्नेछ ।
१०. बोलपत्रको अन्य कागजातमा (भाषागत समेत) त्रुटी भएमा वा बिषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनैबेला सच्याउन बाधा पर्नेछैन । कार्यालयको हितलाई ध्यानमा राखी सबै बोलपत्र, पुरै वा आंशिक रुपमा स्वीकार/स्वीकृत गर्ने वा अस्वीकृत/अस्वीकार गर्ने वा सूचना नै रद्द गर्ने लगायतका सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
११. बोलपत्र सम्बन्धि थप जानकारीको लागी यस कार्यालयमा सम्पर्क गर्न वा कार्यालयको Website: – sundarharaichamun.gov.np मा समेत हेर्न सकिनेछ ।

| सि.नं. | ठेक्का नं | कामको विवरण | लागत अनुमान भ्याट बाहेक (रु) | धरौटी रकम रु. | दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | SHM/MOR/NCB/W/34/2077-078 | Construction of Blacktop Road, Chariguwa, Sundarharaicha-04 | 4290578.30 | 145500 | Rs. 3000 | बोलपत्र |
| २ | SHM/MOR/NCB/W/37/2077-078 | Construction of Blacktop Road, chadani petrol pump onwards, Sundarharaicha-09 | 3909904.78 | 132500 | Rs. 3000 | बोलपत्र |

**प्रमुख प्रशासकीय अधिकृत**